# CIM
## Facts Newsletter
Issue 28, Baishakh 2081







021-515712
cim.biratnagar@gmail.com
Sahid Marg, Biratnagar-02

## सीप स्तरोन्नति तालिम (Skill Upgrading Training- SUT) के हो ? र यसले उद्योगलाई पुग्ने फाइदाहरु :

नयाँ प्रविधिको विकास तथा बजारको माग बमोजिम उद्योगहरुमा कार्यरत जनशक्तिको सीप स्तरोन्नति गर्नुपर्ने अवस्था रहेको खण्डमा उद्योग संगठन मोरङले इन्स्योर परियोजनासंगको सहकार्यमा उद्योगको माग अनुरुप के कस्ता विषयमा तालिम आवश्यक छ सो बमोजिम आवश्यक पाठ्यक्रम/मोडयुल निर्माण गरी दक्ष प्रशिक्षकद्वारा उद्योगहरुको नियमित काममा बाधा नपुग्ने गरी पायक पर्ने स्थानमा तालिम सञ्चालन गरिन्छ । उद्योगहरुले यस किसिमका तालिम गर्दा आफनो उद्योगमा कार्यरत जनशक्तिहरुको सीप अभिवृद्धि भै उद्योगको उत्पादकत्व समेत वृद्धि हुनेछ जसले प्रत्यक्ष रुपमा उद्योगलाई फाइदा पुग्नेछ । उद्योग संगठन मोरङले यस वर्ष आवश्यक सीपहरुको पहिचान गरी २०० जना सहभागीहरुलाई सीप स्तरोन्नति तालिम सञ्चालन गर्ने लक्ष्य राखेको छ भने उद्योगहरुको आवश्यकताको आधारमा यो तालिम संख्या बढाउन पनि सकिनेछ ।

## सीप स्तरोन्नति तालिम अन्तर्गत हालसम्म प्राप्त पाठ्यक्रम/मोडयुल :

| क्र. सं. | संगठनद्वारा तयार गरिएका विषयहरु | तलिम अवधि (घण्टा) |
|---|---|---|
| १ | Programmable Logic Controller (PLC) Training | ९६ |
| २ | Lathe Setter Operator | ९६ |
| ३ | Instrumentation | ९६ |
| ४ | Boiler Operator | ९६ |
| ५ | Energy Efficiency Training (Electrical) | ४८ |
| ६ | Energy Efficiency Training (Thermal) | ४८ |
| ७ | Variable Frequency Drive (VFD) Training | ८० |
| ८ | Industrial Electrician | ९६ |
| ९ | Three Phase wiring | ९६ |
| १० | Electronics and Instrumentation | ९६ |

## उद्योग संगठन मोरङद्वारा सञ्चालित सीप स्तरोन्नति तालिमको विवरण :

उद्योग संगठन मोरङद्वारा हालसम्म विभिन्न उद्योगमा कार्यरत जनशक्तिका लागि सञ्चालित सीप स्तरोन्नति तालिमहरु ।

| क्र. सं. | सञ्चालन गरिएका विषयहरु | तलिम अवधि (घण्टा) | हलसम्म तालिम प्राप्त संख्या |
|---|---|---|---|
| १ | PLC Operator | ९६ | २१ |
| २ | Lathe Setter Operator | ९६ | १५ |
| ३ | Instrumentation (Revised) | ९६ | ४१ |
| ४ | Energy Efficiency Training | ४८ | २१ |
| | | **जम्मा** | **९८** |

## तलिममा कसरी सहभागी हुने ?

सीप स्तरोन्नति तालिममा सहभागी हुनको लागि माथि उल्लेखित तालिम मध्ये कुनै विषयमा कम्तिमा पनि २० जना सहभागी संख्या पुगेको अवस्थामा संगठनद्वारा सम्बन्धित विषयको दक्ष प्रशिक्षकद्वारा तालिम प्रदान गरिने छ । माथि उल्लेखित पाठ्यक्रम/मोडयुल भन्दा अन्य विषयमा तालिम सञ्चालन गर्नुपर्ने अवस्था भएमा संगठनद्वारा आवश्यकताको आधारमा उद्योगको माग बमोजिमको पाठ्यक्रम/मोडयुल तयार गरी तालिम सञ्चालन गर्न सकिने छ । यी दुवै प्रक्रियाका लागि संगठनको सीप विकास इकाईमा सम्पर्क गर्नु पर्नेछ । आगामी दिनमा संगठनमा रहेको सीप विकास इकाई मार्फत उद्योगहरुलाई नियमित रुपमा यस किसिमका तालिमको आवश्यकता पहिचान, तालिम प्रदान लगायतका कार्यलाई निरन्तर सहजीकरण गर्ने उद्देश्य बमोजिम तालिममा लाग्ने खर्चको अति न्यून रकम स्वरुप संगठनले प्रति सहभागी रु. २०००/- तालिम शुल्कका रुपमा लिने व्यवस्था रहेको छ ।

**थप जानकारीको लागि:**

उद्योग संगठन मोरङ, सीप विकास इकाई
सम्पर्क नं: ९८२८०१५९५८
इमेल: cim.skilldevunit2023@gmail.com

## हाम्रो भनाइ

लामो समयदेखि मुलुकको अर्थतन्त्र र औद्योगिक-व्यावसायिक क्षेत्रमा छाएको मन्दीले देशको अर्थतन्त्रमा प्रत्यक्ष असर पारेको छ । बजारमा व्याप्त आर्थिक शिथिलताका कारण बजारको मागमा कमी आएको छ । बाँकी-बक्यौता उठ्न कठिन हुँदा कलकारखाना बन्द गर्नुपर्ने बाध्यात्मक अवस्थामा ल्याइपुऱ्याएको छ । अर्थतन्त्र र उद्योग-व्यवसायका क्षेत्रमा देखिएको विद्यमान भयावह स्थितिलाई नजरअन्दाज नगरी समग्र अर्थतन्त्र शिथिल भएको यो यथार्थलाई गम्भीरतापूर्वक लिनु पर्दछ ।

देशमा लोडसेडिङको अन्त्य भएको भनिए पनि औद्योगिक-व्यावसायिक क्षेत्रले सुख्खा याममा दैनिक १० देखि १५ घण्टासम्मको लोडसेडिङ खेप्नु परिरहेको छ । औद्योगिक क्षेत्रमा भइरहेको अघोषित लोडसेडिङको प्रत्यक्ष प्रभाव उत्पादन लागतमा पर्दा स्वदेशी उद्योगको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आइरहेको छ ।

त्यसैले प्राधिकरणले अग्रिम तालिकासहित सूचना दिने व्यवस्थालाई अनिवार्य बनाउनु पर्छ । त्यसैगरी ट्रान्समिसन लाइनको विस्तारमा देखा परेको राजनीतिक तथा सामाजिक अवरोध पनि तत्काल हटाउनुपर्छ र पूर्वाधार विकासलाई प्राथमिकतामा राखिनुपर्छ । अनि भारतमा विद्युत् विक्री गर्ने मूल्यमा स्वदेशी उद्योगलाई उपलब्ध गराउने व्यवस्था गरेर उद्योगी-व्यवसायीलई ग्राहकलाई गर्ने सम्मानजनक व्यवहार गर्नुपर्दछ ।

अर्थतन्त्रको यस जटिलताको दिगो समाधानका लागि निजी क्षेत्रलाई समेत विश्वासमा लिनुपर्दछ । आगामी वर्षको बजेटले निर्यातमूलक उद्योग र समग्र उत्पादनशील क्षेत्रलाई चलायमान वनाउने नीति अवलम्बन गर्नुपर्दछ । त्यसैगरी  उत्पादकत्वको वृद्धि आजको मुख्य एजेन्डा हो । यसका निमित्त सरकारले लगानीमैत्री वातावरण, प्रक्रियागत सरलता, पर्याप्त पूर्वाधार, उत्पादित वस्तुको बजारीकरण र उत्पादन लागत कम गर्न प्रतिस्पर्धी क्षमताको विकासजस्ता महत्वपूर्ण विषयमा गम्भीर हुनैपर्छ । र अगामी बजेटले यस्ता विषयलाई सम्बोधन गर्नैपर्छ । औद्योगिक र व्यावसायिक क्षेत्रलाई बजेटले प्राथमिकतामा राख्नसकेन भने अहिलेको शिथिल अर्थतन्त्र दुर्घटनामा पर्नसक्छ भन्ने कुरामा ध्यान पुग्नु पर्दछ । सरकार र निजी क्षेत्रबिच प्रभावकारी समन्वय स्थापित गराई मुलुकको आर्थिक, औद्योगिक, पूर्वाधारलगायत उत्पादनमूलक औद्योगिक क्षेत्रको विकासमा अनुभूति हुने र नीतिगत तथा वित्तीय स्थिरता कायम गर्न टेवा पुग्ने गरी बजेटले सम्बोधन गर्नुपर्दछ ।



## देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

आर्थिक वर्ष २०८०-८१ को आठ महिनाको तथ्याङ्कमा आधारित



**२.७ प्रतिशतले**
घटेको छ, (आयात) ।



**४.० प्रतिशतले**
घटेको छ, (निर्यात) ।




**४.८२ प्रतिशत**
उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ।



**रू. ३२७ अर्ब ५५ करोड**
वचत, शोधनान्तर स्थिति ।



**रू. १४ अर्ब १४ करोड**
अमेरिकी डलर सञ्चिति, कुल विदेशी विनिमय ।



**७.६ प्रतिशत**
वढेको छ, वैंक तथा वित्तीय संस्थाको निक्षेप संकलन ।




**४.२ प्रतिशतले**
बढेको छ, नीजि क्षेत्रमा प्रवाहित कर्जा ।



**२१.00 प्रतिशतले**
विप्रेषण आप्रवाह नेपाली रुपैयाँमा बढेको छ ।

श्रोतः नेपाल राष्ट्र बैंक

## Foreign Trade Direction

**Based on First Nine(Shrawan-Chaitra) of FY 2080/81**

(Mid July 2023 to Mid April 2024)

| S.N | Trade Indicators | FY 2079/80 (First nine months) | FY 2080/81 (First nine months) | Change (%) |
|---|---|---|---|---|
| 1. | Imports (Rs.in `000) | 1,201,508,991 | 1,167,369,808 | -2.84 |
| 2. | Exports (Rs.in `000) | 118,279,962 | 113,946,007 | -3.66 |
| 3. | Trade Deficit (Rs.in `000) | 1,083,229,029 | 1,053,423,801 | -2.75 |
| 4. | Total Foreign Trade (Rs.in `000) | 1,319,788,953 | 1,281,315,815 | -2.92 |
| 5. | Imports/Exports Ratio | 10.16 | 10.24 | 0.84 |
| 6. | Exports Share to Total Trade (%) | 8.96 | 8.89 | -0.75 |
| 7. | Imports Share to Total Trade (%) | 91.04 | 91.11 | 0.07 |

Source : Government of Nepal, Deartment of Customs

## Imports and Exports by Chapter

**Based on First Nine(Shrawan-Chaitra) of FY 2080/81**

(Mid July 2023 to Mid April 2024)

*(figures are in Rs. Thousands)*


| S.N | Description | Imports Value | Exports Value |
|---|---|---|---|
| 1. | Mineral fuels, mineral oils and products of their distillation: bituminous substances; mineral waxes | 246,057,848 | 1,293 |
| 2. | Iron and steel | 97,244,962 | 11,557,073 |
| 3. | boilers, machinery and mechanical appliances; parts thereof | 77,736,140 | 648,042 |
| 4. | Electrical machinery and equipment and parts thereof | 76,196,902 | 179,454 |
| 5. | Vehicles; other than railway or tramway rolling stock, and parts and accessories thereof | 55,482,295 | 150,934 |
| 6. | Plastics and articles thereof | 43,718,342 | 1,423,412 |
| 7. | Animal or vegetable fats and oils and their cleavage products | 37,825,242 | 6,801,472 |
| 8. | Cereals | 37,012,342 | 8,384 |
| 9. | Pharmaceutical products | 30,562,296 | 1,402,932 |
| 10. | Natural, cultured pearls; precious, semi-precious stones; precious metals. | 23,799,815 | 328,700 |
| 11. | Fertilizers | 23,589,839 | - |
| 12. | Vegetables and certain roots and tubers; edible | 22,877,866 | 571,852 |
| 13. | Food industries, residues and wastes thereof; prepared animal fodder | 21,395,544 | 4,859,160 |
| 14. | Optical, photographic, cinematographic, measuring, checking, medical or surgical instruments and apparatus. | 19,723,257 | 115,678 |
| 15. | Apparel and clothing accessories; not knitted or crocheted | 19,617,718 | 5,881,383 |

Source : Government of Nepal, Deartment of Customs

# Trade Balance by Partner Countries

## Based on First Nine(Shrawan-Chaitra) of FY 2080/81

(Mid July 2023 to Mid April 2024)





Source : Government of Nepal, Deartment of Customs

# Imports and Exports by Customs Offices

**Based on First Nine(Shrawan-Chaitra) of FY 2080/81**

(Mid July 2023 to Mid April 2024)




Source : Government of Nepal, Deartment of Customs

# आर्थिक वर्ष २०८१/८२ को बजेटमा समावेश गर्न
# नेपाल सरकार, अर्थ मन्त्रालय समक्ष उद्योग संगठन मोरङको तर्फबाट प्रस्तुत

## सुझाव

| क्षेत्र | वर्तमान अवस्था | गर्नुपर्ने सुधार |
|---|---|---|
| विद्युत् | हाल उद्योगमा दैनिक १५ घण्टासम्म विद्युत् कटौती छ ।<br>दैनिक १२ पटकसम्म ट्रिपिङ छ ।<br>कति वेला आउने टुङ्गो भएन ।<br>उद्योग सञ्चालन गर्न कठिन भयो ।<br>उत्पादन लागत वृद्धि भयो । | १. नियमित विद्युत् आपूर्तिमा समस्या छ भन्ने बुझिदिनु पर्‍यो ।<br>२. विद्युत् जाने र आउने अवस्थाको अग्रिम तालिकासहित सूचना दिनु पर्‍यो ।<br>३. ट्रिपिङ तथा भोल्टेज फ्लक्चुएसनलाई निर्मूल गर्नुपर्‍यो ।<br>४. ट्रान्समिसन लाइनको विस्तारमा देखा परेको राजनीतिक तथा सामजिक अवरोध तत्काल हटाई पूर्वाधार विकासलाई प्राथमिकतामा राख्नुपर्‍यो ।<br>५. भारतमा विद्युत् विक्री गर्ने मूल्यमा स्वदेशी उद्योगलाई विद्युत् दिनुपर्‍यो ।<br>६. रन अफ रिभरभन्दा जलाशययुक्त विद्युत् आयोजनालाई फोकस गर्नुपर्‍यो ।<br>७. ग्राहकलाई गर्ने व्यवहार उद्योगीलाई गर्नुपर्‍यो । |
| उधारो कारोबार | १. बजारबाट पैसा उठाउन समस्या भयो ।<br>२. बजारबाट पैसा नउठेकाले समग्र व्यवासायिक प्रणालीमा नै सङ्कुचन आयो ।<br>३. विश्वासको कारोबार गर्न नसकिने अवस्था सिर्जना भयो ।<br>४. लगानीमा जोखिम बढ्न गई सर्वस्व गुमाउनु पर्ने अवस्था सिर्जना भई चरम निराशा छायो । | १. उधारो कारोबारको समुचित नियमन एवम् व्यवस्थापनका लागि यशाशीघ्र नीतिगत हस्तक्षेप गरी लगानी तथा व्यवसायलाई सुरक्षित गर्न स्पष्ट कानुनको व्यवस्था गर्नुपर्छ ।<br>२. यसको ज्वलन्त दृष्टान्त भारत सरकारले भर्खरै उधारो कारोबारलाई नियमन गर्न कानुन ल्याएको । |

### उधारोको समस्या र उधारो रहेको अनुमानित रकम

१. बजारबाट पैसा उठाउन समस्या भएको छ ।
२. बजारबाट पैसा नउठेकाले समग्र व्यवसायीक प्रणालीमा नै संकुचन आएको छ ।
३. विश्वासको कारोवार गर्न नसकिने अवस्था सिर्जना भएको छ ।
४. लगानीमा जोखिम वढन गई सर्वस्व गुमाउनु पर्ने अवस्था सिर्जना भई व्यवसायी जगतमा चरम निराशा छाएको छ ।

पहिलो आठ महिनामा नीजि क्षेत्रमा प्रवाह भएको कर्जा (रु मिलियनमा)

| Loan type | 2023 | 2024 | Changes in % |
|---|---|---|---|
| Cash Credit Loan | 517862.7 | 643721.1 | 24.6 |
| Trust Receipt Loan / Import Loan | 80825.4 | 82073.7 | 11.5 |
| Demand & Other Working Capital Loan | 1033752.7 | 788283.0 | -10.4 |
| ------- | 1632441 | 15140778 | 8.56 |

Sources : Nepal Rastra Bank, (Based on Eight months Data Ending Mid-March, 2023/24)

उद्योगको उत्पादन चक्र २- ३ महिनालाई आधार मान्दा र केहि प्रतिनिधिमुलक उद्योगहरुको भनाई अनुसार लगभग ४० देखि ५० प्रतिशतसम्म अर्थात झण्डै ६ देखि ७ खर्ब रुपैयासम्म बजारमा उदारो रहेको छ ।

### उधारो कारोबारलाई नियमनका लागी गर्नुपर्ने सुधार

१. उधारो कारोवारको समुचित नियमन एवं व्यवस्थापनका लागि यशाशिघ्र नीतिगत हस्तक्षेप गरि लगानी तथा व्यवसायलाई सुरक्षित गर्न स्पष्ट कानुनको व्यवस्था गर्नुपर्छ
२. यसको ज्वलन्त दृष्टान्त भारत सरकारले हालै उधारो कारोवारलाई नियमन गर्न कानुन ल्याए जस्तै कानुन निर्माण गर्नुपर्दछ ।

**उदाहरणका लागि**

३. क्रेताले विक्रेतालाई तिरेको भ्याट क्रेडिट रकम मिलान गरे पश्चात पनि विक्रेताले उधारो नतिरेको अवस्थालाई मध्यनजर गर्दै कुनै क्रेताले विक्रेतासंग खरिद गरेको सामानको भुक्तानीका लागि छुट्टै सम्झौता गरेको छ भने सो सम्झौताको समयावधि ४५ दिन भन्दा नवढने गरी मात्र सम्झौता गर्न सक्ने व्यवस्था ।
४. कुनै क्रेताले विक्रेतासंग समान खरिद गर्दा भुक्तानीको समय उल्लेख भएको छैन भने सामान प्राप्त गरेको मितिले १५ दिन भित्र भुक्तानी गर्नुपर्ने व्यवस्था ।
५. सम्झौता अनुसार कुनै क्रेताले ४५ दिन भित्र विक्रेतालाई भुक्तानी गरेन भने वैंकले तोकेको ब्याजको ३ गुणा वढी चक्रवृति ब्याज क्रेताले दिनुपर्ने प्रावधान ।
६. ४५ दिन भित्र मुक्तानी नभएको उधारो बाकी रकमलाई आयकर विभागले क्रेताको आय मानी आयकर असुल गर्ने प्रावधान समेटि उधारो कारोबारलाई नियमन एवं व्यवस्थापनका लागि आगामी वजेट मार्फत सम्वोधन हुनेगरि कानुन निर्माण गर्नुपर्दछ ।

| | | |
|---|---|---|
| कार्गोरेलको सञ्चालन | १. जुलाई १, २०२३ मा दुवै देशका प्रधानमन्त्रीले संयुक्त उद्घाटन गरेको कार्गोरेल ११ महिनासम्म सञ्चालनमा नआएको ।<br>२. नेपाल कस्टम यार्ड (एन्सीवाई) को Handling Charge पारितर्फको आईसी( वाईको भन्दा प्रति मेट्रिक टन रु. ८० देखि २०० सम्म बढी भएकाले सञ्चालनमा आउन सकेन<br>३. तेस्रो मुलुकबाट कोइला, क्लिङ्कर, सिमेन्ट र रासायनिक मलखाद मात्रै ल्याउन पाउने गरी पारवहन सन्धिमा हस्ताक्षर गरिएकाले तेस्रो मुलुकको कार्गो आउन नसकेको ।<br>४. कटहरीसम्मको १० किलोमिटर कार्गोरेलको लिक बिछ्याउने कार्य जग्गाको मुआब्जा विवादका कारण अवरुद्ध रहेको । | १. यत्रो ठुलो लगानीको आयोजना ११ महिनासम्म सञ्चालन नहुँदा सरकारी संयन्त्रमा अपेक्षा गरिएको क्मलकभ या ग्चनभलअथ नदेखिएकाले उच्च राजनीतिक नेतृत्वबाट तत्काल समाधान खोज्नुपर्ने ।<br>२. Handling Charge को मूल्यनिर्धारण प्रतिस्पर्धी तथा खुला बजार अर्थतन्त्रको आधारभूत सिद्धान्तबमोजिम निर्धारण गर्नुपर्ने ।<br>३. नेपाल सरकारले भारत सरकारसमक्ष कूटनीतिक पहलबाट सन्धिको संशोधन गरी सबै प्रकारका कार्गोलाई खुला गर्नुपर्दछ ।<br>४. मुआबजा रकम करिब ८-१० करोड रूपैयाँका कारण रोकिएको पूर्वाधार विकासको गेमचेन्जर परियोजनालाई अर्थ मन्त्रालयले तत्काल सम्बोधन गर्नुपर्ने । |
| औद्योगिक पूर्वाधार | सुनसरीको अमडुवामा रहेको साल्ट ट्रेडिङको ६५० विघा जग्गामा निर्यात-प्रवर्धन गर्न सम्पूर्ण पूर्वाधार सुविधासहितको क्रसबोर्डर औद्योगिक क्षेत्रको निर्माण लामो समयदेखि कार्यान्वयनमा आउन सकको छैन ।<br>मोरङको कटहरी हुँदै निर्माण भइरहेको हुलाकी सडकको निर्माणमा भइरहेको ढिलाइले त्यस क्षेत्रका सर्वसाधारण मार्कामा पर्नुका साथै उद्योगको ढुवानी-लागत र अतिरिक्त समय लागिरहेको छ ।<br>औद्योगिक उत्पादनको बजार प्रवर्धन गर्ने प्रदर्शनी स्थल विराटनगरमा निर्माण गर्न निजी क्षेत्रका संघसंस्थाले लामो समयदेखि माग गर्दै आए पनि सरकारका तर्फबाट कुनै पहल र प्रयास भएको छैन । | आगामी आर्थिक वर्षबाट कार्यान्वयन हुने गरी अमडुवामा क्रसबोर्डर औद्योगिक क्षेत्रको निर्माण गर्न बजेटमा रकम विनियोजन गर्नुपर्ने ।<br><br>औद्योगिक विकासमा प्रत्यक्ष सम्बन्ध रहेका पूर्वाधारको निर्माणमा हुने ढिलाइको अन्त्य गरी निर्माणमा तदारुकता अपनाउनु पर्दछ । निर्माण कम्पनीले निर्धारित समयमै काम नसके दण्ड र सजायको व्यवस्था हुनुपर्दछ ।<br><br>यस क्षेत्रका उद्योगको उत्पादनलाई बजारमा पहुँच अभिवृद्धि र औद्योगिक विकासलाई दृष्टिगत गरी विराटनगरमा अन्तर्राष्ट्रिय स्तरको औद्योगिक प्रदर्शनी स्थलको निर्माण गर्नुपर्दछ । |
| थुन्ने कि सुन्ने ? | प्रचलित ३३ वटा ऐनकानुनमा थुन्ने, पक्राउ गर्नेजस्ता प्रावधान देखाएर अनावश्यक तर्साउने, हतोत्साहित पार्ने, चलखेल गर्ने, ब्ल्याकमेल गर्ने गर्नाले औद्योगिक वातावरण निराशाजनक भएको छ । | १. विश्वासको वातावरण र लगानी अभिवृद्धि गर्न विरोधाभासपूर्ण कानुनको संशोधन, निलम्बन वा खारेजी गरिनु पर्दछ ।<br>२. आर्थिक कसुर र क्रिमिनल कसुरलाई अलग गरी आर्थिक कसुरका लागि सजाय आर्थिक जरिवाना नै पर्याप्त हुने गरी कानुनमा संशोधन गर्नुपर्दछ । |
| सरकारको पुँजीगत खर्च गर्ने क्षमता विकास | सरकारले गर्ने पुँजीगत तथा विकास खर्च अत्यन्त न्यून भएकाले बजार चलायमान हुन सकेन । | सरकारले निर्धारित समयमै पुँजीगत खर्चलाई प्रभावकारी र द्रुत गतिमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्दछ । |
| अनुमानयोग्य नीतिगत व्यवस्था | केही वर्षयता नीतिनियमहरू छिटोछिटो परिवर्तन भइरहेका छन् । परिणामस्वरूप उद्योग-व्यवसायले व्यावसायिक लागतको प्रक्षेपण गर्नसक्ने अवस्था छैन । | यस्तो अवस्थाको अन्त्यका लागि आर्थिक विकास र औद्योगिक पूर्वाधारको विकासजस्ता मूलभूत विषयमा न्यूनतम साझा मत र मापदण्ड तय गरी दीर्घकालीन नीति लागु गर्नुपर्दछ । |

अन्तःशुल्क ऐन २०५८ को दफा ३(ख) को (५) बमोजिम फिर्ता हुने व्यवस्था भए पनि उक्त ऐनमा व्यवस्था गरिएको झन्झटिलो प्रावधानले गर्दा उद्योगले पाउनुपर्ने अन्तःशुल्कबापतको रकम प्राप्त नभएको ।

१. जीआई वायरको कच्चा पदार्थ एमएस वायर रहेको खरिदमा लाग्दै आएको अन्तःशुल्क हटाउनु पर्ने ।
अथवा २. उद्योगलाई निर्यातका लागि कच्चा पदार्थ आयात गर्दाको समयमा भन्सार बिन्दुमा लिँदै आएको अन्तःशुल्कको विद्यमान व्यवस्थालाई संशोधन गरी निर्यातका लागि आयात भएको कच्चा पदार्थको अन्तःशुल्क हटाउनु पर्दछ ।
अथवा ३. अन्तःशुल्कको रकम भन्सार बिन्दुमा लिने भए पासबुक सुविधामा रहेका उद्योगीका हकमा भन्सारमा भुक्तानी गरेको अन्तःशुल्क रकम भन्सार महसुल फिर्ता भएजसरी नै (कच्चा पदार्थ आयात गरी तयारी वस्तु उत्पादन गरी निर्यात गरेर भुक्तानी प्राप्त भएपछि) रिभोल्भिङसरह अन्तःशुल्कको रकमसमेत फिर्ता हुने व्यवस्था मिलाउनु पर्दछ ।
अथवा ४. अन्तःशुल्कको कार्यविधि मूअकरसरह हुने व्यवस्था गरिदिने ।
अथवा ४.(क) अन्तःशुल्क फिर्ताका लागि मासिक-त्रैमासिक अवधिको कार्यविधि बनाएर फिर्ता हुने व्यवस्था गर्नुपर्दछ । यसका लागि पूर्ण करपरीक्षण लगायतका झन्झटिलो व्यवस्था नगराई मासिक बुझाएको विवरणबमोजिम आवश्यक बिल- भौचर लगायतका प्रमाण पेश गरी फिर्ता हुने व्यवस्था गर्नुपर्दछ ।

**निर्यातमा नगद अनुदान फिर्ता**

हाल निर्यातको ठुलो सम्भावनाका भएका कतिपय वस्तु नगद अनुदानको सूचीमा समावेश नभएको हुँदा त्यस्ता वस्तुको उत्पादनले प्रश्रय पाएको छैन ।

## निर्यातमुलक साना उद्योगलाई निर्यात सुविधा सम्बन्धी सुझाव

| वर्तमान अवस्था | गर्नुपर्ने सुधार |
|---|---|
| • साना उद्योगहरु सबैले आफै निर्यात गर्न सक्दैनन ।<br>• कुनै व्यापारिक फर्मले साना उद्योगबाट संकलन गरि निर्यात गर्दछ।<br>• यस्तो अवस्थामा निर्यात गर्दा पाउने सूविधाबाट साना उद्योगहरु बञ्चित भएको अवस्था छ ।<br>• यस्ले निर्यातलाई घटाएको छ । | • साना उद्योगहरुको उत्पादनलाई ट्रेडिङ कम्पनी मार्फत निर्यात गर्दा निर्यात सूविधा साना उद्योगले पाउने गरि कानुनी व्यवस्था गर्नुपर्दछ । |

आगामी बजेटमा निर्यातलाई बढावा दिन निम्न वस्तुलाई नगद अनुदान पाउने वस्तुमा सूचीकरण गरिनु पर्दछ ।

| उत्पादनहरू | हार्मोनिक कोड |
|---|---|
| जीआई वायर | ७२१७२००० |
| ब्रास सिट/स्ट्रिप | ७४०९२१०० |
| कपर सिट /स्ट्रिप | ७४०९११०० |
| फस्फोरस ब्रोन्ज सिट/स्टिप | ७४०९३१०० |
| तार जाली | ७३१४४१०० |
| टिएमटी | ७२१४१०९० |
| एमएस पाइप | ७३०६३०९० |
| केबल आरमोर्ड वायर | ७२१७२०१० |

| | | |
|---|---|---|
| निर्यात प्रवर्धनमा कानुनी सुधार तथा प्रक्रियागत जटिलताको सरलीकरण | प्रक्रियागत जटिलता जस्तै, उद्योगमा लाग्ने जिङ्क एसिडजस्ता केमिकलको आयात गर्न गृहमन्त्रालय सम्मको अनुमति लिनुपर्ने । वाणिज्य तथा उद्योग विभागअन्तर्गत प्राप्त हुने सेवा अनलाइन भए पनि काठमाडौं जानुपर्ने लगायतका सेवा प्राप्ति प्रक्रियामा कठिनाइ रहेको । | १. प्रक्रियागत सरलीकरण गर्दै प्रदेश तथा स्थानीय तहबाट काम गर्नसक्ने र काठमाडौं धाउनु नपर्ने व्यवस्था गर्नुपर्छ ।<br>२. स्वदेशी कच्चा पदार्थ प्रयोग गरी ५० प्रतिशतसम्म मूल्य अभिवृद्धि गर्ने उद्योगलाई नगदमा प्रोत्साहनको सुविधा भारत निर्यातमा पनि दिइनु पर्दछ ।<br>३. निकासीजन्य उद्योगले प्राप्त गर्ने बैङ्क ग्यारेन्टी, नगद धरौटी, पासबुक सुविधाहरू उपयोग गर्न प्रक्रियागत सरलीकरण गर्नु पर्दछ । उक्त सुविधालाई स्वचालित गरी निश्चित अवधिभित्र बैङ्क ग्यारेन्टी वा नगद धरौटी स्वतः फुकुवा हुने, पासबुक र निकासी प्रोत्साहनबापत प्राप्त हुने रकम व्यवसायीको बैङ्क खाता वा छुट्टै क्रेडिट खातामा स्वतः जम्मा हुने प्रणाली विकास गर्नुपर्दछ ।<br>४. निर्यात गर्ने प्रयोजनका लागि बैंक ग्यारेन्टीमा ल्याएको सामानलाई मात्रै बन्डेड वायर हाउसको सुविधाको प्रयोजनका लागि गणना गरिनु पर्दछ ।<br>५. ९ख्खगिभ ब्ममषत्ष्यल० गर्न र ड्युटी ड्र ब्याक (Duty Draw Back) सुविधा प्राप्त गर्न झन्झटिलो प्रावधानलाई परिमार्जन गरी वस्तुका उत्पादनमा धेरै कम्पोनेन्ट प्रयोग हुने उद्योगका हकमा प्रति किलोका दरले हिसाब गरी Duty Draw Back सुविधा उपलब्ध गराउनु पर्दछ ।<br>६. उद्योगले आयात गरेको कच्चा पदार्थ र त्यही सामानको तयारी वस्तुमा महसुल दर कम्तीमा २ तह बढी कायम हुनुपर्दछ ।<br>७. तयारी लुब्रिकेन्ट्सलाई १५ प्रतिशत Anti Dumping Charge लगाउनु पर्छ ।<br>८. तयारी लुब्रिकेन्ट्स आयात गर्दा आयातकर्ताले Agency Certificate / Quality certificate लिनुपर्छ<br>९. विदेशी कम्पनीले नेपाल निर्यात गर्दा कम्तीमा ३ देशमा निर्यात गरेको प्रमाण र API Certificate हुनु पर्छ ।<br>१०. तयारी माल अपत्यारिलो मूल्यमा आयात भइरहेको हुँदा Third Country बाट आयात भइरहेको तयारी मालमा कम्तीमा ३ डलर र भारतबाट आएको मालमा कम्तीमा १५० भारु प्रति लिटर न्यूनतम मूल्य हुनुपर्छ ।<br>११. सरकारी तथा अर्ध सरकारी कार्यालय र उद्योगमा अनिवार्य रूपमा नेपाली लुब्रिकेन्ट्सको प्रयोग गर्ने व्यवस्था हुनुपर्छ ।<br>१२. राष्ट्र बैंकबाट पाउने Refinance को सुविधा सम्पूर्ण लुब्रिकेन्ट्स उद्योगलाई अनिवार्य दिने व्यवस्था हुनुपर्छ ।<br>१३. उद्योग दर्ता गरेर उद्योग नखोली भन्सारका कर्मचारीको मिलेमतोमा उद्योगका सुविधामा कच्चा पदार्थ आयात भइरहेको हुँदा उद्योगको स्थलगत अवलोकन गरेर आयात गर्न दिने व्यवस्था हुनुपर्छ । |

| | | |
|---|---|---|
| आयात प्रतिस्थापन, स्वदेशी वस्तुको प्रवर्धन एवम् मूल्य / आपूर्ति औद्योगिक शृङ्खलाको विकास | स्वदेशी उत्पादन न्यून बिजकीकरण भई आयात हुने वस्तुसँग प्रतिस्पर्धा गर्न नसकी धराशायी हुँदै गएका छन् ।<br>हालको व्यवस्था अनुरूप सार्वजनिक निकायले स्वदेशी वस्तु खरिदमा १५ प्रतिशतसम्म मूल्य बढी भए पनि खरिद गर्नुपर्ने नीति भए पनि कार्यान्वयन नभएको ।<br>डब्बा उद्योगको कच्चा पदार्थ टिन प्लेटको भन्सार दर ५ प्रतिशत छ भने तयारी डब्बाको १५ प्रतिशत भए पनि साफ्टा सुविधामा उक्त वस्तु ७.२५ प्रतिशतमा आयात भइरहेकाले कच्चा पदार्थ र तयारी वस्तुबिच जम्मा २.५ प्रतिशतको मात्र अन्तर छ ।<br>सरकारले केही स्वदेशी उद्योगलाई संरक्षण गर्ने नाममा आयातित वस्तुमा ५ देखि ५० प्रतिशतसम्म कर लगाएको छ । यसले विभेदजस्तो देखिएको छ ।<br>स्वदेशमा निर्माणाधीन ठुला परियोजनालाई आवश्यक कतिपय सामग्री उक्त परियोजनाले अन्य मुलुकबाट आयात गर्दा करशुल्कमा छुट पाउने व्यवस्था छ । तर स्वदेशी उद्योगले त्यस्ता ठुला परियोजनालाई आवश्यक सामग्री बिक्री गर्दा भने कुनै प्रकारको छुट उपलब्ध छैन । यसका कारणले स्वदेशी उद्योगले प्रतिस्पर्धा गर्न नसकिरहेको अवस्था छ । अत: निर्माणाधीन ठुला परियोजनाले आवश्यक सामग्री स्वदेशी उद्योगबाट खरिद गर्दा ती वस्तुमा लाग्ने करशुल्कमा छुटको व्यवस्था गरी स्वदेशी उद्योगको संरक्षण गरिनु पर्दछ । | स्वदेशी उत्पादनको प्रवर्धनका लागि न्यून बिजकीकरणलाई पूर्ण रूपमा बन्द गरी आत्मनिर्भर हुनसक्ने वस्तु उत्पादन गर्ने स्वदेशी उद्योगको संरक्षणका लागी सेफगार्ड, र एन्टी डम्पिङ र काउन्टर भेलिङ कानुन कार्यान्वयन गरिनुपर्छ ।<br>सार्वजनिक निकायले स्वदेशी वस्तुको खरिदमा १५ प्रतिशतसम्म मूल्य बढी भए पनि खरिद गर्ने नीतिगत व्यवस्था भएको हुँदा उपलब्ध भएसम्मका सबै वस्तु तथा सेवाहरू अनिवार्य रूपमा स्वदेशी वस्तु नै खरिद गर्नुपर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्नुपर्छ ।<br>स्वदेशी डब्बा उद्योगले यहाँस्थित सम्पूर्ण पेन्ट्स उद्योगको माग धान्नसक्ने भएकाले स्वदेशी उद्योगको प्रोत्साहनका लागि आयातित तयारी डब्बामा Anti Dumping Duty लगाएर भन्सार महसुल पनि बढाउनु पर्दछ ।<br>स्वदेशी उद्योगलाई संरक्षण गर्दा सबैलाई समान किसिमको संरक्षण गर्ने व्यवस्था मिलाउनु पर्दछ ।<br><br>**Deemed Export सम्बन्धी सुझाव**<br>**वर्तमान अवस्था:**<br>• स्वदेशमा निर्माणधिन रहेका ठूला परियोजनाहरुलाई आवश्यक कतिपय सामाग्रिहरु उक्त परियोजनाले अन्य मुलुकबाट आयात गर्दा करशुल्कमा छुट पाईरहको छन ।<br>• तर स्वदेशी उद्योगहरुले त्यस्ता ठूला परियोजनाहरुलाई सामाग्रि विक्रि गर्दा कुनै प्रकारको छुट पाईरहेका छैनन<br>• आयातित सामाग्रिमा दिएको छुटले स्वदेशी उद्योगको प्रतिष्पर्धा गर्न नसकीरहेको अवस्था छ ।<br>**गर्नुपर्ने सुधार:**<br>• निर्माणधिन ठूला परियोजनाहरुलाई आवश्यक सामाग्रि स्वदेशी उद्योगहरुबाट खरिद गर्दा Deemed Export मानी कर शुल्कमा छुटको व्यवस्था गरि स्वदेशी उद्योगहरुको प्रवर्धन गरिनु पर्दछ ।<br><br>विदेशी निर्माणकर्ताले विद्युत् प्राधिकरण तथा सडक, सिँचाइ परियोजनामा टेन्डर पारेका अवस्थामा स्वदेशी उत्पादनलाई प्रोत्साहन दिनुपर्ने व्यवस्था रहे पनि यसको उचित नियमन नहुँदा आयातमा प्रोत्साहन भई स्वदेशी उद्योग निरुत्साहित भइरहेको । |
| आन्तरिक राजस्वसँग सम्बन्धित बिषय | १.कुनै पनि उद्योगले उत्पादित वस्तु निर्यात गर्दा सोको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा प्याकिङ सामग्री स्वदेशी उद्योगबाट खरिद गरे सहुलियत नपाउने तर सोही वस्तु आयात गर्दा सुविधा पाउने व्यवस्था छ । यो नीति अव्यावहारिक छ ।<br>२. उद्योग व्यवसायले सरकारी निकायबाट प्राप्त गर्न बाँकी रकम जस्तै: अग्रिम कर, अग्रिम आयकर, राजस्व आदि सरकारले फिर्ता गर्न ढिलाइ गरेको<br>३.निजी क्षेत्रका उद्योग-व्यवसायले सरकारी निकायलाई मालवस्तु विक्री गर्दा बिजकको १३ प्रतिशत करमध्ये ६.५ प्रतिशत कर फिर्ता नगर्ने परिपाटी अव्यावहारिक छ ।<br>४. करदाताको आयमा सम्बन्धित पार्टीले कर कट्टी गरी जम्मा नगर्ने, सम्पर्कमा नआउने, दाखिला गलत गर्ने, ढिला गर्ने वा अर्को आर्थिक वर्षमा जम्मा गर्नाले करदाताको कर पनि दाबी नहुने र पछिल्लो आय वर्षमा समेत सो अग्रिम कर मिलान नहुने समस्या छ । | स्वदेशी उद्योगले स्वदेशी कच्चा पदार्थ, सहायक कच्चा पदार्थ प्रयोग गरी निर्यात भएको वस्तुको भन्सार महसुल र अन्त:शुल्क फिर्ता पाउने व्यवस्था ल्याइनु पर्दछ ।<br>यस्तो रकम सम्बन्धित उद्योग- व्यवसायलाई तत्कालै फिर्ता गर्ने व्यवस्था गरिनु पर्दछ ।<br>त्यसको अन्त्य गरी सम्पूर्ण रकम तत्कालै उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ ।<br>करदाताले आफ्नो प्रमाणका आधारमा मिलान गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।<br>तत्कालीन अवस्थामा मूल्यमा हुने थपघटलाई ध्यानमा राखी घटी मूल्यमा विक्री गरेको बिललाई मान्यता दिइनु पर्दछ ।<br>उक्त व्यवस्थाको सट्टा ट्याक्स क्रेडिट रकमलाई वा सो रकम बराबरको बैंक ग्यारेन्टीलाई मान्यता दिने व्यवस्था गर्नुपर्दछ ।<br>यस्तो रकम सम्बन्धित उद्योग- व्यवसायलाई तत्कालै फिर्ता गर्ने व्यवस्था गरिनु पर्दछ ।<br>त्यसको अन्त्य गरी सम्पूर्ण रकम तत्कालै उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ । |

५.कुनै उद्योगले लागत मूल्यभन्दा घटीमा आफ्नो सामान विक्री गरेको बिललाई मान्यता दिइने गरेको छैन । साथै बिलको फरक रकमलाई न्यून बिजकीकरण भनी आयमा समावेश गरी त्यसबापतको राजस्व असुल्ने गरिएको छ ।

६. राजस्वसम्बन्धी मुद्दामा जाँदा करदाताले नगद रकम धरौटी राख्नुपर्ने प्रावधान रहेको तर यस्तो नगद करदाताको नाममा रहेको ट्याक्स क्रेडिट (Tax Credit) रकमलाई उपयोग गर्न नदिई पुन: नगद धरौटी राख्नुपर्ने वाध्यकारी व्यवस्थाले उद्योगीमा आर्थिक भार पर्न गएको ।

७.सर्वोच्च अदालतमा पुनरावेदनका लागि सरकारी निकायले अनुमति माग गर्दा ६ महिनाभित्रमा अदालतबाट अनुमति प्राप्त हुन नसकेमा राजस्व न्यायाधिकरणको फैसला नै अन्तिम मानिने व्यवस्था हुनुपर्दछ ।

८. राजस्वसम्बन्धी मुद्दा हेर्ने अधिकारप्राप्त निकाय राजस्व न्यायाधिकरण कार्यालयको संयोजकमा न्यायाधीश रहने व्यवस्था छ । तर दोस्रो व्यक्तिका रूपमा सम्बन्धित कर कार्यालयको प्रमुख रहने प्रावधान छ । यसका कारण प्रतिवादीको मुख्य पक्ष नै फैसला गर्ने निर्णायक तहमा रहने हुँदा स्वार्थ बाझिई अन्याय पर्ने ।

९. ठुला करदाता कार्यालयको क्षेत्राधिकारभित्र पर्ने काठमाडौँबाहिरका उद्योगीले राजस्व न्यायाधिकरणको मुद्दाका लागि राजस्व न्यायाधिकरणको कार्यालय काठमाडौँमै पुग्नुपर्ने अवस्था अव्यावहारिक भएकाले यस्तो कार्यालयको स्थापना प्रदेश स्तरमा गर्नुपर्दछ ।

१०. निर्यातमा पाउनुपर्ने भ्याट रकम फिर्ता लिन निर्यातकर्ता कम्पनीको पूर्ण अडिट विवरण माग गर्ने गरिएको छ । उद्योगको पूर्ण अडिट जस्तो कार्यका लागि समय लाग्ने भएकाले तत्कालीन समयमा उद्योगले पेश गरेको कागजातका आधारमा भ्याट रकम फिर्ता दिने व्यवस्था हुनुपर्दछ ।

११. उद्योग व्यवसाय गर्दा कुनै वर्ष नाफा र कुनै वर्ष नोक्सानी पनि हुन सक्दछ । तर सरकारी आधारलाई लिने हो भने कुनै पनि कम्पनी Gross Loss मा नजाने मान्यता छ । अत: व्यवसायमा हुनसक्ने नाफा वा नोक्सानीको पक्षका आधारमा Loss Balance Sheet लाई समेत मान्यता दिनुपर्दछ

१२. अदालतबाट करसम्बन्धी समस्या सम्बोधन भई बर्सौं बितिसक्दा पनि प्रशासकीय पुनरावलोकनको लगत कट्टा नहुँदा अदालतको फैसला कार्यान्वयन, समायोजन तथा मिलानमा समस्या रहेको । करदाताले आफ्नो प्रमाणका आधारमा मिलान गर्न पाउने व्यवस्था गर्नु पर्दछ ।

तत्कालीन अवस्थामा मूल्यमा हुने थपघटलाई ध्यानमा राखी घटी मूल्यमा विक्री गरेको बिललाई मान्यता दिइनु पर्दछ ।

उक्त व्यवस्थाको सट्टा ट्याक्स क्रेडिट रकमलाई वा सो रकम बराबरको बैंक ग्यारेन्टीलाई मान्यता दिने व्यवस्था गर्नुपर्दछ ।

## नन फाइलर सम्बन्धी सुझाव

| समस्या | असर | संबोधनका लागी सुझाव |
|---|---|---|
| कुनै पाटीले कर कट्टागारि दाखिला नगर्ने, दाखिला गलत गर्ने, ढिला गर्ने, सम्पर्कमा नआउने | सहीरुपमा बिलविजक जारी गरेर सहि काम गर्ने पाटीको कर दाबी नहुने, अर्को बर्षमा समेत अग्रिम कर मिलान नहुने । | आफ्नो प्रमाणका आधारमा मिलान गर्न पाउने व्यवस्था गर्नु पर्ने । |

## ग्रस लसलाई मान्यता दिनु पन

### खरिद मुल्यभन्दा कम मूल्यमा बिक्रि गर्नु पर्ने अवस्था

क) अन्तराष्ट्रिय बजारमा मुल्यमा आएको कमी
ख) वस्तुको बजार मागमा आएको कमी
ग) उक्त वस्तु फेज आउट भई नया वस्तुले प्रतिष्थापन गरेको अवस्था
घ) वस्तुको उपभोग मिति गुज्रिने अवस्था
ङ) कुनै कारणबाट वस्तुमा आएको खराबी ड्यामेज भएको अवस्था

**हाम्रो माग : उपरोक्त अवस्थाको पुष्टि गर्ने आधार सहित खरिद मुल्यभन्दा कम मूल्यमा बिक्रि गरेको अवस्थामा सोलाई मान्यता दिइनु पर्दछ ।**

## Bureau of Indian Standard सम्बन्धी सुझाव

| वर्तमान अवस्था | गर्नुपर्ने सुधार |
|---|---|
| • नेपालबाट भारत तर्फ निर्यात हुने प्लाईउड जस्ता वस्तुमा भारत सरकारले Bureau of Indian Standard को प्रमाण पत्र अनिवार्य गरेको छ ।<br>• उक्त प्रमाण पत्र प्राप्तीका लागि नेपाली उद्योगलाई अत्यधिक खर्च र समय लाग्ने ।<br>• प्रकृयागत जटिलताका कारण प्रमाण पत्र प्राप्तीमा कठिनाई भई निर्यात प्रभावित भएको छ ।<br>• उद्यमी आफै एक्लै दौडिरहेको छ । | • निर्यात बढाउने, राजश्व बढाउने हो भने राज्यले सहजिकरण गर्ने, क्षमता विकास गर्ने, आर्थिक सहयोग गरि दक्ष लिन योग्य बनाउने गरि व्यवस्था गर्नु पर्छ |

## इन्टरमिडिएट प्याकेजिङ वस्तु सम्बन्धी सुझाव

| वर्तमान अवस्था | गर्नुपर्ने सुधार |
|---|---|
| कुनैपनि वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादनमा प्रयोग हुने प्याकेजिङ वस्तु (Intermediate Packaging Goods) आफै उत्पादन गरी प्रयोग गरेमा ५ प्रतिशत अन्त:शुल्क लाग्दैन । तर सोहि उद्योगले त्यहि प्याकेजिङ वस्तु अर्को कुनै उद्योगबाट खरिद गरेमा ५ प्रतिशत अन्त:शुल्क लाग्ने व्यवस्था छ । | एउटै प्रोडक्टमा भएको यस्तो विभेदकारी कर व्यवस्था किन ? अर्को उद्योगबाट प्याकेजिङ वस्तु खरिदगर्दा समेत अन्त:शुल्क नलाग्ने गरि समान व्यवस्था कायम गरि आपूर्ति श्रृङ्खला विकास गरी स्थानीय उद्योग प्रवर्धन गर्नु पर्दछ । |
| स्तु तयार गरि नेपाली कम्पनीलाई बिक्रि गर्छ, त्यो कम्पनीले उक्त प्याकेजिङ मेटेरियल प्रयोग गरिएको उत्पादन निर्यात गर्छ भने ड्युटी ड्व्याक सुविधा पाउदैन । तर आफ्नो उत्पादन निर्यात गर्ने उद्योगले सोझै प्याकेजिङ वस्तु आयात गरि आफ्नो उत्पादन विक्रि गर्दा यस्तो सुविधा पाउछ । | यस्तो व्यवस्थाले नयाँ उद्योग आकर्षण नहुने हुदा स्वदेशी उद्योगका उत्पादन प्रयोग गर्दा थप सहुलियत दिने गरि यस्तो प्रावधान संसोधन गरिनु पर्दछ । |

# राजस्व चुहावट तथा नियन्त्रणसम्बन्धी अन्तरक्रिया




सशस्त्र प्रहरी बल नेपाल नं. १ वराहवाहिनी मुख्यालय, सुनसरी र उद्योग संगठन मोरङको संयुक्त आयोजनामा राजस्व चुहावट तथा सीमा अपराध नियन्त्रण सम्बन्धमा अन्तरक्रिया सम्पन्न भएको छ ।

वाहिनीको सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रमअन्तर्गत २०८० चैत १८ मा कार्यक्रम सम्पन्न भएको हो । अन्तरक्रियामा उद्योगी-व्यवसायीले सीमापार अपराध नियन्त्रणअन्तर्गत विशेष गरी अवैध चोरीतस्करी नियन्त्रणका लागि सबै प्रकारका उपाय अपनाउन सुझाव दिए ।

उनीहरूले सशस्त्र प्रहरीलाई अत्याधुनिक र विकसित प्रविधिको प्रयोग गर्न तथा स्रोतसाधन र जनशक्ति थप गरी प्रहरीगस्ती बढाउन अनुरोध गरे ।

साथै भन्सार, राजस्व, क्वारेन्टाइन, सशस्त्र प्रहरी, नेपाल प्रहरी लगायत सम्बद्ध निकायले एकीकृत रूपमा गस्ती गर्नुपर्ने उनीहरूको माग थियो ।

# सामाजिक सुरक्षा कोषको कार्यान्वयन तहमा देखिएका समस्यामा अन्तरक्रिया



सामाजिक सुरक्षा कोषको परिवर्तित व्यवस्था र कार्यान्वयन तहमा देखिएको समस्या एवम् समाधानका सम्बन्धमा कोषका प्रतिनिधि र उद्योगी-व्यवसायीबिच २०८० चैत २२ गते अन्तरक्रिया भएको छ ।

उद्योग संगठन मोरङको आयोजना तथा सामाजिक सुरक्षा कोषको समन्वयमा भएको छलफलमा उद्योगी-व्यवसायीले योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयन तहमा भोगेका समस्या समाधान गरी नीतिगत स्पष्टता कायम गर्नुपर्ने धारणा राखे ।

अन्तरक्रियामा उद्योगीले कोषका माध्यमबाट प्रदान गर्दै आएको स्वास्थ्य बिमा सुविधामा परिवारका अन्य आश्रितलाई पनि समेटी दायरा फराकिलो पार्न अनुरोध गरे ।

कार्यक्रममा कोषका निर्देशक उत्तमराज नेपालले कोषका कानुनी आधारलाई समयसापेक्ष सुधार गरी सामाजिक सुरक्षालाई व्यापक र प्रभावकारी बनाउँदै लगिने बताए ।

उनले कोषमा आबद्ध सबैको सामाजिक जोखिमलाई न्यूनीकरण गरेर सामाजिक सुरक्षा सुनिश्चित गर्ने कार्यमा कोष प्रतिबद्ध रहेको स्पष्ट पारे ।

उनले कार्यान्वयन तहमा देखिएका व्यावहारिक समस्यालाई कोषले सहज बनाउँदै आश्रित परिवारको दायरा थप फराकिलो बनाउने दिशामा कार्य भइरहेको जानकारी दिए ।

## उत्कृष्ट उद्योग वाणिज्य संघको सम्मानबाट पुरस्कृत




देशभरिका जिल्लानगर उद्योगवाणिज्य संघमध्ये 'क' वर्गबाट उद्योग संगठन मोरङ उत्कृष्ट उद्योग वाणिज्य संघको सम्मानबाट पुरस्कृत भएको छ ।

काठमाडौँमा गत चैत २८ मा सम्पन्न नेपाल उद्योगवाणिज्य महासंघको ५८औँ वार्षिक साधारणसभा एवम् उद्योगवाणिज्य दिवस-२०८० का अवसरमा संगठनले उक्त सम्मान पाएको हो । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का बाहुलीबाट संगठनका अध्यक्ष राकेश सुराना र वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठीले उत्कृष्टताको प्रमाणपत्र र अवार्ड ग्रहण गरेका थिए ।

संगठनलाई प्रदान गरिएको सम्मानपत्रमा 'उद्योग, व्यापार र व्यवसायको विकास तथा प्रवर्धनमा संगठनले निर्वाह गरेको उत्कृष्ट भूमिकाको उच्च मूल्यांकन गर्दै जिल्ला-नगरबाट उद्योग संगठन मोरङलाई यो सम्मानपत्र प्रदान गरिएको' उल्लेख छ । जिल्ला-नगर उद्योगवाणिज्य संघले उद्योग-व्यवसाय क्षेत्रको प्रवर्धनका लागि खेलेको भूमिका, संघ-प्रदेश र स्थानीय निकायसँग साझेदारीमा भएका कामहरू, बहसपैरवीबाट प्राप्त उपलब्धि, सामाजिक उत्तरदायित्वअन्तर्गत गरेका कार्यका साथै समग्र आर्थिक एवम् औद्योगिक विकासमा पुर्‍याएको योगदानका आधारमा महासंघले संगठनलाई उक्त सम्मानबाट पुरस्कृत गरेको हो ।

## संगठनको प्रतिनिधि मण्डलद्वारा आगामी वजेटका सन्दर्भमा सुझाव प्रस्तुत











उद्योग संगठनका अध्यक्ष राकेश सुरानाका नेतृत्वमा गएको संगठनको प्रतिनिधि मण्डलले प्रधानमन्त्री पुष्पकमल दाहाल, अर्थ मन्त्री वर्षमान पुन र उद्योग-वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीसँग भेटघाट गरी औद्योगिक क्षेत्रले भोग्दै आएका समस्या र आगामी आर्थिक वर्षको वजेटका सन्दर्भमा सुझाव पेश गरेको छ ।

प्रतिनिधि मण्डलले वर्तमानको आर्थिक समस्या खास गरेर विद्युत् आपूर्तिको समस्या, बजारको सुस्तता, औद्योगिक क्षेत्रमा परेको प्रभाव, तत्काल गर्नुपर्ने कार्य, आगामी बजेटले सम्बोधन गर्नुपर्ने लगायतका विषयमा ध्यानाकर्षण गराई समस्याको समाधान र सरकारको तत्परताका लागि सरकारसमक्ष आग्रह गरेको थियो ।

त्यस्तै अर्थमन्त्री पुनसँगको भेटघाटमा आगामी आर्थिक वर्ष २०८१/८२ मा सम्बोधन गर्नुपर्ने निजी क्षेत्रका विषय समेटिएको सुझाव पेश गरेको थियो । साथै अहिलेको आर्थिक सुस्तता र निराशालाई सम्बोधन गर्ने गरी आगामी बजेट निर्माण गर्न आग्रह गरेको थियो ।

प्रतिनिधि मण्डलले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री भण्डारीसँगको भेटघाटमा उद्योगको अवस्थाप्रति संवेदनशील भई अभिभावकको भूमिका निर्वाह गर्न आग्रह गरेको छ ।

उक्त अवसरमा उद्योगीहरूले प्रक्रियागत जटिलताको सरलीकरण गर्न, कार्गोरेल तत्काल सञ्चालनको वातावरण तयार गर्न र औद्योगिक पूर्वाधारको निर्माणमा जोड दिन बजेटले सम्बोधन गर्नुपर्ने आग्रह गरेका थिए ।

प्रतिनिधि मण्डलले संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्री हितबहादुर तामाङसँग पर्यटन प्रवर्धनका लागि विशेष योजनाको तर्जुमा गर्न र पर्यटन क्षेत्रको मुख्य एजेन्डा भारतीय पर्यटकलाई सहज वातावरण बनाउन अनुरोध गरेको थियो ।

संगठनले आयोजना गर्न लागेको अन्तर्राष्ट्रिय कार र्‍याली कनेक्ट नेपाल इन्भेस्टमेन्ट मिसनमा सहकार्य गर्न पनि प्रतिनिधि मण्डलले आग्रह गरेको थियो ।

प्रतिनिधि मण्डलले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई भेटेर विद्युत् आपूर्तिको समस्यामा व्यवसायी आजित भइसकेको जानकारी गराएको थियो ।

भेटघाटमा उद्योगीले उद्योग-व्यवसायको वर्तमान अवस्थाका बारे ध्यानाकर्षण गराउँदै संवेदनशील भएर विद्युत्को आपूर्ति नियमित गर्दै गुणस्तर सुधार गर्न सुझाव दिए ।

घिसिङसित विद्युत् आपूर्तिमा समस्या हो भने तालिका सार्वजनिक गर्नुपर्ने उद्योगीको माग थियो ।

## सिप स्तरोन्नति तालिमअन्तर्गत जुट विभर र स्पिनरको तालिम





उद्योग संगठन मोरङ सिप विकास एकाइ र इन्स्योर परियोजनाको सहकार्यमा सिप स्तरोन्नति तालिमअन्तर्गत अरिहन्त मल्टिफाईबर्स लिमिटेडका श्रमिकका लागि ३ हप्ते जुट विभर र स्पिनर तालिम प्रारम्भ गरिएको छ। उद्योगका दुई छुट्टाछुट्टै विषयको तालिममा ४० श्रमिकको रहेको छ। तालिम अवधिमा जुट, जुटका कपडा, बोरा उनाइ, धागो कटाइका साथै मेसिन अपरेटरका साथै पेशागत स्वास्थ्य र सुरक्षाका विषयसमेत समेटिएको छ। सैद्धान्तिक र प्रयोगात्मक गरी दैनिक ४ घण्टा तालिम सञ्चालन हुँदै आएको छ।

## उद्योग संगठन मोरङमा श्रम दिवसका अवसरमा श्रमिक सम्मान कार्यक्रमको आयोजना



'मर्यादित काम, श्रमिकको सम्मान, हाम्रो अभियान' भन्ने नाराका साथ १३५ औँ अन्तर्राष्ट्रिय श्रमिक दिवस (मई दिवस)का अवसरमा उद्योग संगठन मोरङले २०८१ वैशाख १९ मा श्रमिक सम्मान तथा शुभकामना आदान-प्रदान कार्यक्रमको आयोजना गरेको छ।

विश्वभरिका श्रमिकको महान् दिनका रूपमा रहेको मई दिवसलाई श्रमिक र रोजगारदाताले साझा रूपमा एकाकार गर्दै मनाउने सन्दर्भमा यस वर्ष पनि संगठनले सुनसरी-मोरङ औद्योगिक करिडोरका उद्योग प्रतिष्ठानमा लामो समय देखि कार्यरत ३ श्रमिकको सम्मान गरेको हो।

सम्मानित हुनेमा श्रीरघुपति जुट मिल्स लिमिटेडमा ३३ वर्षदेखि कार्यरत बलराम मण्डल, रिलायन्स स्पिनिङ मिल्स लिमिटेडमा २७ वर्षदेखि कार्यरत रामपवित्र साह र स्वस्तिक आयल एन्ड प्रा. लि. मा ३६ वर्षदेखि अनवरत रूपमा कार्यरत ललनकुमार राय छन्। सम्मानितलाई संगठनका अध्यक्ष राकेश सुराना, वरिष्ठ उपाध्यक्ष नन्दकिशोर राठी र ट्रेड युनियनका प्रदेश कमिटीका अध्यक्षहरूले संयुक्त रूपमा खादा, माला लगाई सम्मान-पत्र र जनही नगद ११ हजार पुरस्कार प्रदान गरेका थिए।

**कम्पनी ऐन, २०६३ अनुसार कम्पनी दर्ता पश्चात कार्यालयमा पेश गर्नुपर्ने विवरण, अवधि तथा विवरण समयमा नबुझाएमा लाग्ने जरिवाना**

| सि. नं. | विवरण, सूचना र जानकारीको व्यहोरा (ऐनको दफा) | कार्यालयलाई जानकारी दिनुपर्ने अवधि | जरिवाना |
|---|---|---|---|
| १ | प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत हुन, दफा १३ (२) पब्लिक कम्पनी प्राइभेट कम्पनीमा परिणत हुने, दफा १४(३) | निर्णय भएको मितिले ३० दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- (तर वार्षिक रु.१,०००/- नबढ्ने गरी) |
| २ | प्रबन्धपत्र र नियमावलीको संशोधन, दफा २१(२) | ३० दिनभित्र | |
| ३ | शेयर बाँडफांडको विवरण, दफा ३१(१) | बाँडफांड भएको मितिले ३० दिनभित्र | |
| ४ | धितोपत्र कारोबारको सम्झौतापत्र, दफा ३२(२) | सम्झौता भएको मितिले ७ दिनभित्र | |
| ५ | शेयरधनीको शेयरमा रहेको हक सम्बन्धी जानकारी, दफा ४७(२) | कम्पनीलाई प्राप्त भएको मितिले ७ दिनभित्र | |
| ६ | शेयर पूंजी हेरफेर, दफा ५६(३) | ❖ हेरफेर गरेको ३० दिनभित्र | |
| ७ | वार्षिक साधारण सभा हुनुभन्दा ३० दिन अघि सम्म कायम रहेका शेयरधनी र डिबेन्चरवालाहरुको लगत, दफा ५१(१) लगायतका अन्य विषयहरु, दफा ५१ (२) | **<u>वार्षिक साधारण सभा गर्ने कम्पनी :</u>** वार्षिक साधारण सभा भएको मितिले ३० दिनभित्र<br>**<u>वार्षिक साधारण सभा नगर्ने कम्पनी :</u>**<br>**<u>शुरुमा</u>** : सम्बन्धित निकायको स्वीकृत चाहिने कारोबार गर्ने भए त्यस्तो स्वीकृति प्राप्त गरेको र स्वीकृति नचाहिने भए दर्ता भएको एक वर्षभित्र<br>**<u>त्यसपछि</u>** : आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र | कम्पनीको कूल चुक्ता पूंजीको आधारमा (दफा ८१ बमोजिम) |
| ८ | कम्पनीले आफ्नो शेयर आफै खरिद गरेमा, दफा ६१(५) | खरिद गरेको मितिले ३० दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- (तर वार्षिक रु.१,०००/- नबढ्ने गरी) |
| ९ | कम्पनीले अग्राधिकार शेयर फिर्ता गरेको, दफा ६५(१२) | फिर्ता गरेको एक महिनाभित्र | |
| १० | पब्लिक लिमिटेड र मुनाफा वितरण नगर्ने कम्पनीले पेश गर्नुपर्ने दफा ७८ बमोजिमको विवरण | वार्षिक साधारण सभा हुनुभन्दा २१ दिन अगावै | कम्पनीको कूल चुक्ता पूंजीको आधारमा (दफा ८१ बमोजिम) |
| ११ | दफा ८० (१) बमोजिमको वार्षिक विवरण | **<u>वार्षिक साधारण सभा गर्ने कम्पनी :</u>** वार्षिक साधारण सभा भएको ३० दिनभित्र | |
| १२ | दफा ८० (२) बमोजिमको लेखापरीक्षण प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण | **<u>प्रत्येक कम्पनी</u>** :आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र | |
| १३ | संचालकहरुको पद बहाली भएपछि पेश गर्ने लिखित जानकारी, दफा ९२ | बहाल गरेको १५ दिनभित्र कम्पनीलाई र कम्पनीले प्राप्त गरेको ७ दिनभित्र कार्यालयमा | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- (तर वार्षिक रु.१,०००/- नबढ्ने गरी) |
| १४ | संचालक र कम्पनी सचिवको विवरण र हेरफेरको सूचना, दफा १०७(२) | हेरफेर भएको १५ दिनभित्र | |
| १५ | लेखापरीक्षकको नियुक्तिको जानकारी, दफा १११(१) | हेरफेर भएको १५ दिनभित्र | |
| १६ | कैफियत तलबको जवाफ पठाउनुपर्ने, दफा १२० | कार्यालयले तोकेको म्यादभित्र | दफा ५१ सरह |
| १७ | ऋण तिर्न सक्षम कम्पनीको खारेजी (लिक्विडेसन) को प्रश्ताव/संचालकहरुको लिखित उदघोष, दफा १२६(३) | प्रश्ताव पारित भएको मितिले ७ दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- (तर वार्षिक रु.१,०००/- नबढ्ने गरी) |
| १८ | लिक्विडेटर तथा लेखा परीक्षकको नियुक्ति, दफा १२७(३) | नियुक्ति गरेको मितिले ७ दिनभित्र | |
| १९ | नियुक्त भएको लिक्विडेटरले बुझाउनुपर्ने कम्पनी खारेज गर्ने सम्बन्धमा भएको आम्दानी खर्चको विवरण नबुझाएमा (लिक्विडेटरलाई), दफा १३१(२)(क) | नियुक्त भएको प्रत्येक ६ महिना | कम्पनीको कूल चुक्ता पूंजीको आधारमा (दफा ८१ बमोजिम) |

| | | | |
|---|---|---|---|
| २० | लिक्विडेटरले कम्पनी खारेजी सम्बन्धी काम कारवाही पुरा भएपछि बुझाउनुपर्ने विवरणहरु सम्बन्धी प्रतिवेदन पेश नगरेमा, दफा १३१(२)(च) | ❖ खारेजी कारवाही पूरा भएको ३० दिनभित्र | कम्पनीको कूल चुक्ता पूंजीको आधारमा (दफा ८१ बमोजिम) |
| २१ | दामासाही ऐन, २०६३ बमोजिम नियुक्त लिक्विडेटरले पठाउनुपर्ने कम्पनी खारेजीको काम कारवाही समाप्त भएको व्यहोरा, दफा १३२(३) | काम कारवाही समाप्त भएको मितिले ३० दिनभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- (तर वार्षिक रु.१,०००/- नबढ्ने गरी) |
| २२ | एकल शेयरधनीको मृत्यु भएमा हक कायम भएको जानकारी, दफा १५३(२) | ❖ हक प्राप्त भएको १ महिनाभित्र | |
| २३ | पब्लिक वा सो को सहायक कम्पनीले कुनै सम्पत्ति खरिद वा बिक्री गरेमा, दफा १७५(२) | ❖ ३० दिनभित्र | |
| २४ | सम्बद्ध कम्पनी वीच कारोबार, दफा १७५(२) | ❖ कारोबार भएको मितिले १ महिनाभित्र | |
| २५ | कम्पनी गाभ्ने सम्बन्धी स्वीकृतिको लागि दिनुपर्ने निवेदन, दफा १७७(३) | ❖ साधारण सभामा बिशेष प्रस्ताव पारित भएको ३० दिनभित्र | |
| २६ | लाभांस बाढ्ने रकमबाट जारी बोनस शेयरको विवरण, दफा १७९(२) | बोनस शेयर जारी गर्नु अगावै | |
| २७ | कम्पनीको रजिष्ट्रर्ड कार्यालयको ठेगाना दर्ता गर्नुपर्ने, दफा १८४(२) | कम्पनी संस्थापना भएको ३ महिनाभित्र | |
| **विदेशी कम्पनीहरुको लागि** | | | |
| २८ | विदेशी कम्पनीको लिखतहरुमा भएको हेरफेर वा संशोधनको विवरण, (दफा १५५(२) | ३५ दिनभित्र | |
| २९ | प्रत्येक विदेशी कम्पनीले कम्पनी ऐन अन्तर्गत संस्थापित कम्पनी सरह नेपाल राज्यभित्रको कारोबारको वास्तविक स्थिति देखिने वासलात तथा नाफा नोक्सानको हिसाब सहितको वार्षिक आर्थिक लेखापरीक्षण विवरण, दफा १५६(१) | आर्थिक वर्ष समाप्त भएको मितिले ६ महिनाभित्र | कम्पनीको कूल चुक्ता पूंजीको आधारमा (दफा ८१ बमोजिम) |
| ३० | बिदेशी कम्पनी रजिस्टर्ड कार्यालय रहेको मुलुकको कानून अनुसार तयार वार्षिक विवरण (वार्षिक आर्थिक विवरण, ले.प. प्रतिवेदन, संचालक समितिको प्रतिवेदन), दफा १५६(२) | अन्तिम रुपमा तयार भएको मितिले ३ महिनाभित्र | |
| ३१ | नेपालमा सम्पर्क कार्यालय दर्ता गराएका विदेशी कम्पनीहरुले बुझाउनुपर्ने विवरण, दफा १५६(५) | आ.व. समाप्त भएको मितिले ३ महिनाभित्र | |
| ३२ | बिदेशी कम्पनीले प्रदान गर्ने अख्तियारनामाको प्रतिलिपी, दफा १५७ | ❖ नियुक्त गरेको मितिले १ महिनाभित्र | समयावधि समाप्त भएपछि प्रत्येक महिना रु.२००/- (तर वार्षिक रु.१,०००/- नबढ्ने गरी) |
| ३३ | विदेशी कम्पनीको दर्ता खारेजी तथा लिक्विडेसन दाबी फछ्यौंट, दफा १५८(४) | ❖ दाबी फछ्यौंट भएको मितिले १ महिनाभित्र | |

**दफा ८१ बमोजिम लाग्ने जरिवानाको विवरण (बुँदा नं. ७, १०, ११, १२, १६, १९, २०, २९, ३० र ३१ को हकमा चुक्ता पुँजीको आधारमा)**

| पुँजीको सीमा | म्याद भुक्तान भएको पहिलो ३ महिना (रु.) | थप ३ महिना (रु.) | थप ६ महिना (रु.) | तत्पश्चात (रु.) |
|---|---|---|---|---|
| रु.२५ लाखसम्म | १,०००/- | १,५००/- | २,०००/- | ५,०००/- |
| रु.२५ लाखभन्दा माथि रु.१ करोडसम्म | २,०००/- | ३,०००/- | ५,०००/- | १०,०००/- |
| रु.१ करोडभन्दा माथि | ५,०००/- | ७,०००/- | १०,०००/- | २०,०००/- |
| मुनाफा वितरण नगर्ने कम्पनीको हकमा रु.१ करोड चुक्ता पुँजी भएको पब्लिक कम्पनीको सरह जरिवाना लाग्नेछ । | | | | |

❖ कम्पनी ऐन, २०६३ को दफा ८१ को उपदफा ६ अनुसार

# संगठनका पूर्व अध्यक्ष  सी.पी. लोहनीप्रति भावपूर्ण श्रद्धाञ्जलि



उद्योग संगठन मोरङका पूर्व अध्यक्ष सी.पी.लोहनीको मिति २०८१ वैशाख १७ गते  भएको निधनमा दिवगंत आत्म( ाको चिर शान्तिको कामना गर्दै संगठनमा वैशाख १९ गते श्रद्धाञ्जलि सभा गरिएको छ ।

सभामा संगठनका अध्यक्ष राकेश सुरानाले संगठनका पूर्व अध्यक्ष लोहनीले संगठनको श्रीवृद्धिमा पुऱ्याएको योगद( ानको स्मरण गर्दै उनको निधनप्रति श्रद्धाञ्जलि व्यक्त गरे ।

विक्रम सम्वत् २०३२ देखि ३८ सम्म संगठनलाई नेतृत्व गरेका लोहनीले मोरङ र सुनसरी जिल्लाका औद्योगिक क्षेत्रका भौतिक पूर्वाधारहरूको विकासमा जोड दिएका थिए ।

उनले संगठनको संस्थागत विकासका लागि विभिन्न कार्यक्रमको आयोजना गरेका थिए र स्थानीय निकायसँगको समन्वयलाई जोड दिएका थिए ।

सी.पी.लोहनीको मिति २०८१ वैशाख १७ गते  भएको दु:खद निधनले संगठन परिवार स्तब्ध एवम् मर्माहत भएको छ । यस दु:खद घडीमा लोहनी परिवारप्रति गहिरो समवेदना प्रकट गर्दै दिवगंत आत्माको चिर शान्तिको कामना गर्दछौँ ।